
## घ) स्थानीय वन समूहद्वारा गरिने वन व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन कार्यमा सहयोग

- जिल्लास्थित विभिन्न नेटवर्क संस्था तथा गैर सरकारी संस्थासंग समन्वय, स्थानीय वन समूह गठन, विधान, कार्ययोजना संशोधन र अनुकूलनका योजनाहरू कार्यान्वयन गरिनेछन् ।
- छानिएका स्थानीय स्रोत व्यक्तिहरूलाई वन स्रोत मापन तथा वन सर्वेक्षण सम्बन्धी प्राविधिक तालीम दिई सीप हस्तान्तरण गरिनेछ ।
- स्थानीय वन समूहको कार्ययोजना तयार तथा संशोधन गर्दा जोखिम तथा प्रकोप नक्साङ्कन र जलवायु परिवर्तन अनुकूलन योजनालाई अनिवार्य समावेश गरिनेछ ।
- अनुकूलन योजना निर्माण गर्ने भन्दा अनुकूलन योजना एवम् क्रियाकलापहरूको कार्यान्वयनलाई बढि महत्व दिइने छ ।
- तयार भएका अनुकूलनका क्रियाकलापहरू कार्यान्वयन गर्न श्रोतको उपलब्धताका आधारमा सहकार्य एवम् अनुदान सहयोग उपलब्ध गराइनेछ ।
- कार्ययोजना अनुरूप करिव १,००,००० बिरूवाहरू रोपिने छन् ।
- स्थानीय वन समूहले गर्ने वन व्यवस्थापन कार्यमा स्थानीय स्रोत व्यक्ति मार्फत प्राविधिक सहयोग प्रदान गरिनेछ ।




## ङ) समन्वय र सहकार्य

- स्थानीय रेञ्जपोष्ट, कार्यक्रमका सामाजिक परिचालक तथा स्थानीय स्रोत व्यक्ति बीच नियमित रूपमा समन्वय र सहकार्य गरिनेछ ।
- जिल्ला वन कार्यालय र जिल्लास्तरिय सहयोग संयन्त्रसंग निरन्तर समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- जिल्ला स्तरमा आवश्यक नीति निर्माण तथा समन्वयका लागि जिल्ला वन क्षेत्र समन्वय समितिलाई अनुरोध गरिनेछ ।
- वन क्षेत्रमा कार्यरत संजालहरू (फेकोफन, हिमवन्ती, कफ्सन आदि) सँग नियमित समन्वय र सहकार्य गरिनेछ ।
- क्षेत्रिय स्तरमा क्षेत्रिय वन निर्देशनालयसँग निरन्तर समन्वय र सहकार्य गरिनेछ ।

## च) योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन

- कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय साझेदार गैर सरकारी संस्था तथा नेटवर्कहरूले वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र र गा.वि.स. परिषदले समेत आफ्ना कार्यक्रमहरूमा समावेश गर्नेछन् ।
- वार्षिक कार्यक्रमलाई जिल्ला परिषदमा पेश गरिनेछ ।
- स्थानीय लक्षित वर्गहरूको जीविकोपार्जन योजना तयार गरी उनीहरूको योजनामा नै कार्यक्रमले सहयोग केन्द्रीत गर्नेछ ।
- स्थानीय वन समूह, वन समूहमा आवद्ध लक्षित घरधूरी, गा.वि.स.को योजना, अनुकूलन योजना आदि नै कार्यक्रमको वार्षिक योजना हुनेछ ।
- स्थानीय उपभोक्ताको माग अनुरूप कार्यक्रमको कार्यान्वयन गरिनेछ ।
- संचालित कार्यक्रमको जिल्लास्थित सरोकारवाला निकायहरूबाट संयुक्त रूपमा अनुगमन तथा मूल्यांकन गरिनेछ ।

### कार्यक्रमबाट अपेक्षित मुख्य उपलव्धीहरू:

| | |
|---|---|
| उद्यम स्थापना सहयोग तथा रोजगारी सृजना | २,५०० जना |
| स्थानीय वन समूह गठन तथा हस्तान्तरण | ३७५ समूह |
| आयआर्जन कार्यक्रम संचालनमा सहयोग | १०,००० घरधूरी |
| जलवायु परिवर्तन अनुकूलन योजना कार्यान्वयनमा सहयोग | २३१ वटा |
| स्थानीय वन समूहको विधान कार्ययोजना पुनरावलोकन | ७०० समूह |

www.idsnepal.org

**सम्पर्क ठेगाना :**

**केन्द्रिय कार्यालय:**
बालुवाटार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४४२१७३९, ०१- ४४२७३२९
फ्याक्स : ०१-४४३०२२५
ई-मेल : idsnepal@wlink.com.np
वेवसाईट : www.idsnepal.org

**लट अफिस :**
विरेन्द्रनगर, सुर्खेत, नेपाल
वेवसाईट : www.msfp-ids.com
फोन नं. : ०८३-५२५२५७

www.msfp-ids.com

MSFP
Multi Stakeholder Forestry Programme
बहुसरोकारवाला वन कार्यक्रम

फिनल्याण्ड, स्वीटजरल्याण्ड र संयुक्त अधिराज्य सरकारको संयुक्त सहकार्यमा नेपाल सरकारको कार्यक्रम

## एकिकृत विकास समाज नेपाल

# बहुसरोकारवाला वन कार्यक्रम लट-६

## सामान्य जानकारी



*आयआर्जन सम्बन्धी छलफल गर्दै मालिका र भण्डारी सा.व.उ.स. जनालिबण्डाली गा.वि.स., अछामका उपभोक्ताहरु*

**एकिकृत विकास समाज नेपालको नेतृत्व एवं सि.ई.सि.आई., हिमवन्ति नेपाल र अस्मिता नेपालको सहयकार्यमा संचालित**

Integrated Development Society Nepal
CECI CENTRE FOR INTERNATIONAL STUDIES AND COOPERATION
HIMAWANTI NEPAL
ASHMITA NEPAL

**बहुसरोकारवाला वन कार्यक्रम (मल्टीस्टेकहोल्डर फरेष्ट्री प्रोग्राम - एमएसएफपी)** फिनल्याण्ड सरकार, स्वीस विकास सहयोग नियोग (एसडीसी) र संयुक्त अधिराज्य (बेलायत सरकार) को अन्तर्राष्ट्रिय सहयोग विभाग (डि.एफ.आइ.डी) को संयुक्त आर्थिक सहयोगमा सञ्चालित कार्यक्रम हो । यसको लक्ष्य "नेपालका गरीब र पछाडि परेका मानिसहरूको जीविकोपार्जनमा सुधार ल्याउनु तथा जलवायु परिवर्तन वहन क्षमता (climate resilience) बृद्धि गर्नु" रहेको छ । "समावेशी आर्थिक विकास, गरिबी न्यूनीकरण र जलवायु परिवर्तनको सामना गर्ने कार्यमा वन क्षेत्रको योगदान बढाउने" यसको उद्देश्य हो ।

लक्ष्य तथा उद्देश्य प्राप्तिकालागि विभिन्न सरोकारवालाहरू मार्फत कार्यक्रम कार्यान्वयन गर्ने नीति यस कार्यक्रमले लिएकोछ ।

यस कार्यक्रमलाई गैर सरकारी तथा नेटवर्क संस्थाहरूद्वारा कार्यान्वयन गर्नका लागि पहिलो चरणमा बहुसरोकारवाला वन कार्यक्रमको सेवा सहयोग इकाई (Service Support Unit) ले देशका २३ जिल्लाहरूलाई छानेको छ । लट-६ अन्तरगतका दैलेख, जाजरकोट, कालिकोट, अछाम र बझाङ्ग जिल्लाहरूमा काम गर्न गैर सरकारी सेवा प्रदायक संस्थाको रूपमा एकिकृत विकास समाज नेपाल (IDS Nepal) को नेतृत्वमा सेसी, हिमवन्ती नेपाल र अस्मिता नेपाल साझेदार संस्थाहरूले सन् २०१३ मार्चदेखि काम गर्दै आइरहेका छन् ।

यस कार्यक्रमले परियोजना सञ्चालित जिल्लाहरूमा सामाजिक परिचालन, उद्यम विकास तथा प्रवर्द्धन, आयआर्जन, जलवायु परिवर्तन अनुकूलन, दीगो वन व्यवस्थापन जस्ता मुख्य विषयगत क्षेत्र (Thematic Area) हरुमा काम गरिरहेको छ । विषयगत क्षेत्रमा कार्यक्रम कार्यान्वयन गर्दा अवलम्बन गरिने सिद्धान्तहरू निम्न बमोजिम छन्:

## कार्यक्रम कार्यान्वयनका आधारभूत सिद्धान्तहरू (Fundamental Principles)

कार्यक्रमले गरीब, महिला, दलित, उपेक्षित वर्गका कम्तिमा २ वटा जीविकोपार्जनमा सुधारको लागि सहयोग गर्नेछ । कार्यक्रम, स्थानीय विकास फुटेर होइन जुटेर गर्नु पर्दछ भन्ने मान्यतामा संचालन हुनेछ । कार्यक्रमले राजनैतिक पूर्वाग्रह वा अन्य प्रभावमा कुनै पनि कार्य गर्ने छैन । पैसाको कदर (Value for Money) लाई आत्मसात गरी कार्यक्रम संचालन हुनेछ । यस कार्यक्रमले उद्यम विकास, आयआर्जन, जलवायु परिवर्तन अनुकूलन जस्ता विषयहरूलाई एकापसमा जोडेर मात्र तालीम, गोष्ठिहरू सञ्चालन गर्नेछ । गा.वि.स. र जिल्लाको आवधिक योजना एवम् उपभोक्ताको माग र चाहनाका आधारमा कार्यक्रमहरू सञ्चालन हुनेछन् । गरीब, महिला, दलित, उपेक्षित जनजाति, धार्मिक अल्पसंख्यक वर्ग कार्यक्रमका पहिलो लक्षित वर्ग हुनेछन् । कार्यक्रम कार्यान्वयन गर्दा समूहस्तरमा सहकार्य गरिएको अनुदान रकम वा मूलधन नमास्ने व्यवस्था गरिनेछ । दिगोपनालाई विशेष प्राथमिकता दिई कार्यक्रम संचालन गरिनेछ ।

## विषयगत क्षेत्रहरूमा कार्यक्रम कार्यान्वयन गर्दा अपनाईने अवधारणाहरू

### क) सामाजिक परिचालन कार्यक्रम

कार्यक्रमले जिल्लाका कूल २३६ गा.वि.स.हरू र १ नगरपालिका मध्ये करिब ३४ प्रतिशत गा.वि.स.हरू (८२ वटा गा.वि.स.) लाई विशेष प्राथमिकतामा परेका गा.वि.स.हरूको रूपमा छनौट गरेको छ । यी गविसहरूमा ७ वटा स्थानीय गैर सरकारी संस्थाहरू मार्फत सामाजिक परिचालन कार्यक्रम सञ्चालन भइरहेको छ । सामाजिक परिचालन कार्यक्रमले खासगरी स्थानीय वन समूहहरूको आन्तरिक सुशासन सुदृढीकरण, सामुदायिक वन मार्गनिर्देशन, विधान तथा कार्ययोजना अनुसारको काम गर्न अभिप्रेरित गर्ने, आर्थिक पारदर्शिता कायम गर्दै लेखा तथा अभिलेख व्यवस्थापनलाई व्यवस्थित गर्ने, सार्वजनिक लेखा परीक्षणलाई मूल प्रवाहिकरण गर्ने, जलवायु परिवर्तन अनुकूलनका गतिविधि संचालन गर्ने, आर्थिक रूपमा विपन्न तथा सामाजिक रूपमा बञ्चित समूहलाई रोजगारी सृजना तथा आयआर्जन वृद्धिमा आवश्यक सहयोग तथा सहजीकरण गर्नेछ ।

### ख) लैङ्गिक, गरिबी तथा सामाजिक समावेशीकरण

बहुसरोकारवाला वन कार्यक्रमको लागि लैङ्गिक, गरिबी तथा सामाजिक समावेशीकरण महत्वपूर्ण विषयहरू हुन । बहुसरोकारवाला वन कार्यक्रमको समग्र लक्ष्य, उद्देश्य र उपलब्धि हाँसिल भए नभएको मापन लक्षित वर्गका सेवा, सुविधा, साधन तथा श्रोतमा पहुँच, निर्णय प्रक्रियामा सहभागिता जस्ता विषयहरूले नै गर्ने भएकोले यसलाई विशेष प्राथमिकता दिइनेछ । यस सम्बन्धी तल दिइएका मार्गदर्शनका आधारमा कार्यक्रमहरूको कार्यान्वयन हुनेछन् ।

| प्राथमिकता | वर्ग समूह | विवरण |
|---|---|---|
| पहिलो | गरीब तथा वञ्चित | आर्थिक रूपले गरीब एवं सामाजिक रूपले वञ्चित वर्गहरू जस्तै गरीब दलित, महिला घरमूली, गरीब महिला, सुविधाविहीन जनजाति आदि । |
| दोस्रो | गरीब | आर्थिक रूपले गरीब तर सामाजिक रूपले सुविधा प्राप्त वर्गहरू जस्तै गरीब दशनामी बाहुन, क्षेत्री, नेवार, थकाली, आदि । |
| तेस्रो | वञ्चित | सामाजिक रूपले वञ्चित तर आर्थिक रूपले सम्पन्न वर्गहरू जस्तै सम्पन्न दलित, सम्पन्न जनजाति, सम्पन्न महिला आदि । |

- कार्यक्रमको लक्षित वर्गहरू महिला, गरीब, सुबिधाविहिन तथा जलवायू परिवर्तनको जोखिममा परेका घरपरिवारहरू हुनेछन् ।
- उल्लेखित वर्गहरू नै कार्यक्रम सहयोग कोष पाउने र मुख्य सरोकारवालाहरू हुनेछन् ।

*सहयोग गर्दा निम्न अनुसार प्राथमिकीकरण गरिनेछः*

- स्थानीय वन समूहहरूको समितिलाई लैङ्गिक, आर्थिक तथा जातिय प्रतिनिधित्वको आधारमा समावेशी बनाइनेछ ।
- योजना चक्रको सम्पूर्ण तहमा महिला, गरीब तथा सुविधाविहिन्को सक्रिय सहभागिता तथा प्रतिनिधित्व हुनेगरि कार्यक्रम संचालन हुनेछ ।
- समाजका सवै वर्गलाई समेटने र समाजमा द्वन्द सम्बेदनशिलतालाई प्राथमिकतामा राखि काम गरिनेछ ।
- स्थानीय वन समूहहरूको विधान तथा कार्ययोजनामा महिला, दलित, गरीब, जलवायु परिवर्तन अनुकूलन र आयआर्जन सम्बन्धि विशेष कार्यक्रमहरू राख्ने र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने गरी कार्यक्रम संचालन हुनेछ ।
- सार्वजनिक लेखा परीक्षणलाई मूलप्रवाहीकरण गरिनेछ ।

### ग) उद्यम प्रवर्द्धन, आयआर्जन र छिटो प्रतिफल दिने कार्यक्रम

- कार्यक्रमको प्रभावकारिता र दिगोपनाकालागि सार्वजनिक निजी साझेदारी ढाँचाका आधारमा (व्यक्ति र समूहको आर्थिक सहकार्यमा) सहयोग हुनेछ ।



- वनजन्य उद्यम तथा वनमा आधारित आयआर्जन र छिटो प्रतिफल दिने कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।
- स्थानीय श्रोतको परिचालनलाई विशेष प्राथमिकता दिई कार्यक्रम संचालन गरिनेछ ।
- उद्यम प्रवर्द्धनमा रहेको प्रस्तावित रकमको बढिमा २५ प्रतिशत मात्र तालीम, गोष्ठि वा भ्रमण आदिमा खर्च गरिनेछ ।
- कार्यक्रमबाट भएको सहयोग (खासगरी प्रविधि वा सामग्री) स्थानीय वन समूह वा कृषि, वन तथा वातावरण समितिको निर्णय अनुसार उद्यमी समूह वा व्यक्ति वा उद्यमको लागि हुनेछ । छिटो नष्ट भएर नजाने सामग्री वा अनुदान रकम (परल मुल्य) सम्बन्धित समूह वा समितिमा फिर्ता गर्नुपर्ने शर्तमा कार्यक्रम कार्यान्वयन हुनेछ ।
- घुम्ती कोषको लागि सहयोग गरिएको रकम स्थायी कोषको रूपमा रहनेछ ।
- वन पैदावारको दिगोपनालाई ध्यानमा राखी उद्यम प्रवर्द्धनका कार्यक्रहरू संचालन हुनेछन् ।